# नेपाल बार एशोसिएशन
## मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठी

२०८२ मङ्सिर २४ गते, जनकपुरधाम, धनुषा, मधेश प्रदेश ।

# घोषणा-पत्र

**नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका, लोकतन्त्र र भ्रष्टाचारमुक्त न्यायपालिकाको पक्षमा निर्वाह गर्दै आएको ऐतिहासिक भूमिकालाई स्मरण गदै;**

**नेपालको संविधानमा व्यवस्थित मौलिक हकहरुको पूर्ण रुपमा कार्यान्वयन गरी संविधानले परिकल्पना गरेको मानव अधिकारको रक्षा गर्दै त्यसको कार्यान्वयन गरी मानव अधिकारमैत्री समाज निर्माण गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै;**

**नेपालको संविधान वमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून अन्तर्गतका दायित्वहरुको परिपालना गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै र संवैधानिक बैधता प्राप्त सरकारद्वारा शासित हुन पाउने नागरिकको अधिकार बहाली गर्न समेत नेपाल बार एशोसिएशनको मिति २०८२ मङ्सिर २४ गते (१० डिसेम्बर २०२५) का दिन सम्पन्न मानव अधिकार सम्बन्धी राष्ट्रिय गोष्ठीबाट यो जनकपुर घोषणा-पत्र जारी गरिएको छ ।**

१ जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकारको संरक्षण, सम्वर्द्धन, बालिग मताधिकार, आवधिक निर्वाचन, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित राज्य व्यवस्थाबाट मात्र मानव अधिकारको संरक्षण हुने कुरामा यो सम्मेलन सम्वन्धीत सवैको ध्यानाकर्षण गराउँदछ ।

२ २०८२ भदौ २३ गतेका दिन युवाहरुको प्रदर्शनको क्रममा मृत्यु हुने युवाहरुप्रति हार्दिक श्रद्धान्जली प्रकट गरी मृतकका परिवारप्रति समबेदना व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । यसै क्रममा २४ गते भएका सडक प्रदर्शनका बिच थुप्रै अराजक तथा उच्छृङ्खल गतिविधि भएका कारण नेपाल बार एशोसिएंशनको भवन, संघीय संसद भवन, प्रमुख प्रशासनिक क्षेत्र सिंहदरवार, सर्वोच्च अदालत सहित



नेपाल बार एशोसिएशन ★ Nepal Bar Association

न्यायपालिका अन्तरगतका विभिन्न अड्डा अदालत, राष्ट्रिय महत्वका भौतिक संरचना तथा सम्पति तथा थुप्रै व्यक्तिगत एवम् सामाजिक अभियन्ताका रुपमा रहेका कानून व्यवसायीको निजी सम्पत्ति, ल फर्म र निजि व्यवसायिक प्रतिष्ठानका संरचना तथा सम्पति नष्ट भएका छन । यसबाट राज्य र नागरिकलाई ठुलो क्षति भएको छ भने व्यक्तिगत रुपमा व्यक्तिको विभिन्न मौलिक एवम् आर्थिक हकको हरण भएको छ । भदौ २३ र २४ गते हुन पुगेको मानव अधिकार उल्लंघन तथा जनधनको क्षति सम्बन्धमा निष्पक्ष छानबिन गरी दोषिलाई कानून बमोजिम कारवाही गरी पर्याप्त क्षतिपूर्ती दिलाउनका लागी यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

३ लोकतन्त्रको मूल मेरुदण्ड भनेकै वयक्तिक स्वतन्त्रता हो भन्ने कुरामा दुईमत रहन सक्दैन । भदौ २३ गतेपछि विभिन्न व्यक्तिहरुलाई लक्षित गरी भएको भौतिक आक्रमणको यो गोष्ठी भर्त्सना गर्दछ । भदौ २३ पछि विकसित भएको घटनाक्रमसँगै विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुउपर स्थान हद तोकि संविधानप्रदत्त अधिकारलाई कुण्ठित गरेको कार्यप्रति यो राष्ट्रिय सम्मेलन खेद व्यक्त गर्दछ ।

४ लोकतन्त्रको आधार भनेको निष्पक्ष, धाँधली रहित पूर्ण जनसहभागितामा आधारित आवधिक निर्वाचन हो । निष्पक्ष निर्वाचन, संयमित, सुरक्षित, शान्तिपूर्ण र निर्वाचन आचार संहिताको पूर्ण परिपालना भएको खण्डमा मात्र बलियो लोकतन्त्रको परिकल्पना गर्न सकिन्छ । युवा प्रदर्शन पछि गठन भएको सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनको घोषणा भएको सन्दर्भमा सबै राजनीतिक दलको सहभागीताको सुनिश्चितता गर्दै स्वच्छ, निष्पक्ष, स्वतन्त्र एवम् भयरहित निर्वाचन हुने वातावरण सुनिश्चितता गर्न विशेषत: शान्ति सुरक्षा र सौहार्दपूर्ण वातावरण निर्माण गर्न यो राष्ट्रिय गोष्ठी सम्बन्धित निकायहरुसँग जोडदार माग गर्दछ ।

५ सवैधानिक सर्वोच्चता, कानूनी शासन, शक्तिपृथकीकरणको सिद्धान्त र स्वतन्त्र न्यायपालिकाको सुदृढीकरणका लागी संविधान, कानून एवम् नेपाल पक्ष भएका विभिन्न मानव अधिकार सम्बन्धी दस्तावेजहरुले सुनिश्चित गरेको मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन गरी मानव अधिकार संस्कृतिको निर्माण र विधिको शासन स्थापनाको लागि आवश्यक प्रवन्ध गर्न यो गोष्ठी सम्बन्धित सबै सरोकारवालाहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

६ न्याय परिषद्ले संविधान तथा कानुनद्वारा तोकिएका अनिवार्य शर्तहरु पालना गरी समयमै दक्ष, अनुभवी र ईमान्दार न्यायाधीश नियुक्ति नगर्दा व्यक्तिको स्वच्छ न्याय पाउने हकमा आघात परेको महसुस गर्दै विधि सम्मत योग्य, अनुशासित, दक्ष र ईमान्दार न्यायाधीश नियुक्त गरी स्वच्छ र छिटो न्याय प्रदान गर्न न्यायपालिकाको जनआस्था अभिबृद्धि समेतमा लाग्न यो गोष्ठी न्याय परिषद्को ध्यानाकर्षण गराउंदछ ।

७ विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष पुग्दा पनि संक्रमणकालिन न्याय सम्बन्धी प्रक्रिया हालसम्म टुंगोमा पुग्न नसकेकोमा गम्भिर सरोकारको विषय बनेको सबैमा विदितै छ । यसबाट पीडितको न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न तथा गम्भिर अपराधमा दण्डहीनताको अन्त्य गरी सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानी तत्काल संक्रमणकालिन न्याय टुङ्गोमा पुऱ्याउन नेपाल सरकार लगायत सरोकारवाला सबैमा यो राष्ट्रिय गोष्ठी जोडदार माग गर्दछ ।

८ फौजदारी न्यायको सम्बन्धमा नेपालको संविधानको धारा २०(२) ले प्रत्याभूत गरेको मौलिक हक अन्तर्गतको पक्राउ पर्ने व्यक्तिले पक्राउ पर्नासाथ कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार हालसम्म प्रभावकारी कार्यान्वयन नभएकोमा हाम्रो गम्भिर चासो र सरोकार रहेकोले संविधानको भावना र मर्म अनुरुपको स्वच्छ सुनुवाई प्रत्याभूत गर्न गराउनका लागि सम्बन्धित सरोकारवाला निकायहरुलाई ध्यानाकर्षण गराउंदछ ।

९ अन्तर्राष्ट्रिय प्रचलन अनुसार कैदी बन्दीमा सुधार भई समाजमा पुनर्स्थापित गर्ने उद्देश्यले कारागारमा राखिनेमा अधिकांस कारागारको भौतिक संरचना जिर्ण अवस्थामा रहेको, कारागारको आन्तरिक व्यवस्थापनको कारणले क्षमता भन्दा धेरै कैदी महिला तथा पुरुष बन्दी राख्ने तथा कैदी बन्दीहरुको आधारभूत मानव अधिकारको



नेपाल बार एसोसिएशन Nepal Bar Association २

संरक्षण हुन नसकेको तथा बालसुधार गृहहरु न्यूनतम् मापदण्ड अनुसार सञ्चालन गर्नका लागि नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

१० राजनीतिक विचार र आस्थाका आधारमा व्यक्तिलाई बन्दी बनाउने कार्य निरन्तर भई रहेको हुँदा नेपालको संविधान, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर आस्थाका आधारमा कसैलाई पनि बन्दी नबनाउन तथा नेपाल सरकारसँग भएका सम्झौता अनुरुप हालसम्म पनि बन्दी रहेका आस्थाका बन्दीहरुलाई तत्काल रिहा गर्न यो गोष्ठी नेपाल सरकार समक्ष माग गर्दछ ।

११ विभिन्न बहानामा राज्यबाट हुदै आएको गैरन्यायिक हत्या, यातना, बेपत्ता जेल र हिरासतमा हुने हत्या लगायतका गम्भिर अपराधका दोषीहरुलाई निष्पक्ष उचित अनुसन्धान, अभियोजन गरी अविलम्ब कारवाही अगाडि बढाउन यो गोष्ठी सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराउँदछ ।

१२ आवश्यकता र औचित्यता नहेरी बिना आधार र कारण अनुसन्धान अधिकारीको माग बमोजिम जरुरी पक्राउ पुर्जी जारी गर्ने, अनुमति र स्विकृति दिने गरिएको र म्याद थप गर्दा आधार र कारण नखुलाई र आरोपको गाम्भीर्यतामा चासो नदेखाई पेश भएका व्यक्तिलाई बिना प्रमाण म्याद थप्ने गरिएको कार्यले व्यक्तिको मानव अधिकारको हनन हुने गरेको छ । यस्तो प्रवृत्तिको अन्त्य र विवेकपूर्ण निर्णय गराउनका लागि यो गोष्ठी न्यायिक नेतृत्वको ध्यानाकर्षण गराउदछ ।

१३ महिला तथा बालबालिकाको हकको संरक्षण गर्दै पिछडीएका वर्ग, अल्पसंख्यक, आदिवासी जनजाती, मधेशी समेतको सामाजिक कुरितिको रुपमा विद्यमान रहेको अपमानजनक तथा भेदभावपूर्ण व्यवहारहरु, जातीय विभेद तथा लैगिक हिंसामा आधारित विभिन्न प्रकारका हिंसाहरु र छुवाछुत, दाइजो लगायतका विभेदहरुको समुल अन्त्य गर्न आवश्यक ऐन, कानून तथा संयन्त्र निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपालका तीनै तहका सरकार समक्ष यो गोष्ठी अपिल गर्दछ, साथै यसको प्रभावकारी प्रयोग र कार्यान्वयनका लागि पीडित राहत कोषलाई उचित क्षतिपूर्ति तथा न्यायोचित परिपूरणमा प्रभावकारी परिचालन गर्नका लागि सम्बन्धित निकायको यो गोष्ठी ध्यानकर्षण गराउँदछ ।

१४ नेपाली नागरिक आमाको नामबाट सन्तानहरुले नागरिकता प्राप्त गर्ने तथा जन्मका आधारमा नागरिकता प्राप्त अभिभावकका सन्तानहरु नागरिकता विहीन जीवन बिताउन बाध्य परी निजहरुको संवैधानिक, मौलिक हक तथा जीवनको हक समेत खोसिएको अवस्थामा त्यस्तो समस्या समाधान गर्न ऐन तथा नियमावली निर्माण भएता पनि कतिपय जिल्लाहरुमा प्रभावकारी कार्यान्वन नभएकोले प्रचलित कानूनको प्रभावकारी कार्यान्वयनका लागि यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

१५ न्यायिक तथा अर्धन्यायाधिक निकायमा विद्यमान रहेको विकृती, विसंगति, भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, मनोमालिन्यता लगायतका विकृतिहरुका समाधानका लागि सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा अध्ययन भई सार्वजनिक भएको प्रतिबेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट ग्रहण गरी तत्काल अक्षरशः कार्यान्वयन गरी नागरिकको न्यायिक अधिकार सुनिश्चित गर्न यो गोष्ठी पुनः जोडदार माग गर्दछ ।

१६ विश्वव्यापी मानव अधिकार दिवस मनाउँदै गर्दा ईजरायल, प्यालेष्टाईन, रसिया, युक्रेन, पाकिस्थान, अफगानिस्थान, थाइलैण्ड र कम्बोडीया लगायतका देशहरुमा अस्पताल, विद्यालय, गैर सैनिक नागरिकका निजि आवासमा भए गरेका आक्रमण, अपहरण, बन्धक लगायत मानव अधिकार उल्लंघनका घटना, गैरन्यायिक हत्या, युद्धको कारण भोकमरी, चरम आर्थिक अभाव लगायतको मानवता विरोधी गतिविधि र मानव अधिकारको उल्लंघनका घटना तुरुन्त रोक्न अन्तराष्ट्रिय निकाय लगायत सरोकारवाला निकायसंग यो गोष्ठी माग गर्दछ ।

१७ नेपालको संविधान, अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी (**CRPD 2006**) र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन नभएकोमा यो गोष्ठी गम्भिर सरोकार व्यक्त गर्दछ । अपांगता भएका व्यक्तिहरुको न्यायमा पहुँच सुनिश्चित गर्न अदालत तथा न्यायिक निकायका भौतिक



नेपाल बार एशोसिएशन ★ Nepal Bar Association

लगायत आवश्यक संरचनाहरु अपांगता मैत्री बनाउने तथा न्याय प्रक्रियामा त्यस्ता व्यक्तिहरुलाई सहजता प्रदान गर्न अपांगतामैत्री कार्यविधि अपनाउन यो गोष्ठी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ । साथै अपांगता भएका कानून व्यवसायीहरुको क्षमता अभिवृद्धि तथा पेशामा स्थापित गर्नका लागि प्राथमिकताकासाथ कार्यक्रमहरु तय गर्न यो गोष्ठी नेपाल बार एशोसिएशनसँग माग गर्दछ ।

१८ जलवायु परिवर्तनले विश्व पर्यावरणमा पारेको असरलाई हृदयङ्गम गरी चुरे लगायत प्राकृतिक सम्पदाको दोहनबाट परेको असरलाई न्यूनीकरण गरी स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्न र प्राकृतिक सम्पदाको संरक्षण गर्न यो गोष्ठी सरोकारवाला सम्बद्ध निकायको ध्यानाकर्षण गराउँदछ ।

१९ व्यवसाय र मानव अधिकार (Business and Human Rights) राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।

२० श्रम अधिकार तथा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालिलाई प्रभावकारी कार्यान्वय मार्फत सबैको आर्थिक अधिकार संरक्षण गर्न यो गोष्ठी जोडदार माग गर्दछ ।

२१ खाद्य सम्प्रभुताको अधिकारलाई कार्यान्वयन गर्नका लागि यो गोष्ठी नेपाल सरकार समक्ष जोडदार माग गर्दै किसान तथा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखी समयमा नै बीउ, बिजन एवम् मलखादको उचित व्यवस्था गर्न र बिषादी रहित तरकारी एवम् कृषिजन्य खाद्यान्नको बजारको समुचित व्यवस्था गर्न यो गोष्ठी तत् तत् निकायहरुसँग आग्रह गर्दछ ।

२२ नेपाल बार एशोसिएशनद्वारा आयोजित मानव अधिकार सम्बन्धि राष्ट्रिय गोष्ठीबाट पारित भएका हालसम्मका घोषणपत्रहरुको कार्यान्वयन भए, नभएको अध्ययन गरी सोको प्रतिवेदन तयार गरी अर्को वर्ष आयोजना हुने गोष्ठीमा प्रतिबेदन पेश गर्न नेबाएलाई यो गोष्ठी अनुरोध गर्दछ ।

**७७ औं विश्व मानव अधिकार दिवसको उपलक्ष्यमा आयोजित यस गोष्ठीको समुद्घाटन समारोहमा उपस्थित भई महत्वपूर्ण सम्बोधन गरिदिनु भएकोमा नेपालका सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यूप्रति यो गोष्ठि हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । गोष्ठीमा सक्रिय रुपमा सहभागिता जनाई आफ्नो महत्वपूर्ण मन्तव्य समेत प्रदान गर्नु हुने नेबाएका पूर्व तथा निवर्तमान अध्यक्षज्यू, उपाध्यक्षज्यू, महासचिवज्यू, कोषाध्यक्षज्यू, सम्पूर्ण वरिष्ठ अधिवक्ताज्यू, सम्पूर्ण बार एकाईका पदाधिकारीज्यू तथा सम्पूर्ण कानून व्यवसायीज्यूहरुप्रति यो गोष्ठी हार्दिक धन्यबाद प्रकट गर्दछ ।**

**<u>घोषणा-पत्र तयारी समिति</u>**

<u>संयोजक</u> :-
**वरिष्ठ अधिवक्ता श्री बिनोद कुमार शर्मा**

<u>सदस्यहरु</u> :-
वरिष्ठ अधिवक्ता श्री किशोरी शाह
वरिष्ठ अधिवक्ता श्री लेखनाथ अधिकारी
अधिवक्ता श्री नाथुराम महतो
अधिवक्ता श्री सेवन्तराज निरौला
अधिवक्ता श्री पंकज कुमार कर्ण
अधिवक्ता श्री चिरन्जिवी खतिवडा
अधिवक्ता श्री किरणकुमारी शाह
अधिवक्ता श्री रामप्रसाद प्रजापति
अधिवक्ता श्री देवी प्रसाद भट्टराई
अधिवक्ता श्री धनमाया राना
अधिवक्ता श्री मातृकाप्रसाद खनाल

नेपाल बार एशोसिएशन ★ Nepal Bar Association

अधिवक्ता श्री त्रिलोकबहादुर चन्द
अधिवक्ता श्री फुलमाया रानाभाट
अधिवक्ता श्री मनोज कुमार चौधरी
अधिवक्ता श्री उमेश प्रसाद
अधिवक्ता श्री लीला हाडस्रोड पंयागु
अधिवक्ता श्री निर्भयराज पौडेल
अधिवक्ता श्री अरुण कुमार यादव
अधिवक्ता श्री कृष्णकुमारी गुरुङ
अधिवक्ता श्री खिमानन्द अधिकारी
अधिवक्ता श्री टीकाबहादुर कुँवर
अधिवक्ता श्री भक्तिराम घिमिरे
अधिवक्ता श्री अफताब आलम
अधिवक्ता श्री गणेशबहादुर ओली
अधिवक्ता श्री वीरभद्र जोशी

सहजकर्ता :-
अधिवक्ता श्री दमन बहादुर चन्द, केन्द्रीय कार्यसमिति सदस्य, नेबाए।
अधिवक्ता श्री डा. मुकुन्द अधिकारी, केन्द्रीय कार्यसमिति सदस्य, नेबाए।
अधिवक्ता श्री माधव मैनाली, केन्द्रीय कार्यसमिति सदस्य, नेबाए।

२०८२ मङ्सिर २४ गते, बुधबार (10 December 2025)

जनकपुरधाम, धनुषा, मधेश प्रदेश।

नेपाल बार एशोसिएशन Nepal Bar Association